जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २८० २०८२ साल जेठ ३० गते शुक्रबार (13 June 2025 Friday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np


**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।


यस अंक भित्र : २ पृष्ठमा : अन्तर्राष्ट्रिय बाल श्रमिकविरुद्धके... ३ पृष्ठमा : लन्डन जाँदै गरेको २४२.. ४ पृष्ठमा : नेपाललाई क्षयरोग मुक्त..


## कुटपिट, गाली गलौज गर्नेमाथी कारवाहीको माग गर्दै राजविराज नगरपालिकाका कर्मचारी आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, २९ जेठ ।**

राजविराज नगरपालिकाका कर्मचारीहरुलाई कुटपिट, गाली गलौज गर्नेहरुमाथी कारवाही तथा कार्यालयमा कामकाज गर्न सुरक्षाको प्रत्याभूति दिलाउन लगायतको माग गर्दै नेपाल नगरपालिका कर्मचारी एशोसिएसन ईकाइ समिति राजविराज आन्दोलनमा उत्रेका छन् ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन ईकाइ समिति राजविराजका अध्यक्ष कल्पना देवद्वारा बिहीबार जारि विज्ञप्तिमा उक्त घटनाका दोषिहरुमाथी कारवाही, क्षतिपुर्ति तथा कर्मचारीको सुरक्षाको प्रत्याभूति नगराएसम्म नगरपालिका कार्यालय तथा मातहातका कार्यालयबाट अति आवश्यक सेवा वाहेकका सम्पूर्ण सेवा वन्द रहने जनाइएको छ ।

जारि विज्ञप्तिमा जेठ २७ गते मंगलबारका दिन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको हाजरी गराउने सम्वन्धमा विवाद भइरहेको बेला राजविराज नगरपालिकाका निलम्वित मेयर भिमराज यादव, राजविराज नगरपालिकाका योजना शाखा प्रमुख मनोज कुमार यादव, आन्दोलनकारी सुधिर यादव

*बाँकी अन्तिम पृष्ठमा*

## मधेश प्रदेशका सांसद सिंह पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २९ जेठ ।**

मधेश प्रदेशका सांसद सरोजकुमार सिंह बिहीबार पक्राउ परेका छन् । उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले काठमाडौंस्थित अनामनगरबाट पक्राउ गरेको हो ।

सांसद सिंहलाई विकास कोषको रकम हिनामिना गरी भ्रष्टाचारको आरोपमा अख्तियारको टोलीले पक्राउ गरेको हो । उनी जसपाका सांसद हुन् ।

विकास कोषको रकम उपभोक्ता समितिमार्फत लगेर अनियमितता गरेको अख्तियारको आरोप छ । केही दिनअघि मात्रै अख्तियारको टोलीले सिंहका स्वकीय सचिव विनोदकुमार लाल कायस्थलाई पक्राउ गरेको थियो ।

विभिन्न उपभोक्ता समिति गठन गरेको देखाई समितिका खातामा दाखिला भएको रकम सचिव कायस्थमार्फत झिक्न लगाई सिंहले आफ्नो र श्रीमतीको खातामा राखेको अख्तियारको भनाइ छ ।

## सुनमा लगाइएको विलासिता कर खारेजीको माग गर्दै सुनचाँदी व्यवसायी आन्दोलित




**दैनिक समाचारदाता**
**राजविराज, २९ जेठ ।**

सुनमा लगाइएको विलासिता कर खारेजीको माग गर्दै सप्तरीका सुनचाँदी व्यवसायी आन्दोलित भएका छन् ।

बिहीबार राजविराजमा पत्रकार सम्मेलनमार्फत सुनचाँदी व्यवसायीहरुले सुनमा लगाइएको विलासिता कर

*बाँकी अन्तिम पृष्ठमा*

## सहकारी पीडितद्वारा उच्च अदालत अगाडी प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, २९ जेठ ।**

एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड लहान ८ सिरहाका बचतकर्ताहरूले दोषीलाई कारवाहीको माँग गर्दै बिहीबार प्रदर्शन गरेको छ ।

उच्च अदालत जनकपुर-राजविराज ईजलास अगाडी सिरहा र सप्तरीका दर्जनौं पीडितहरूले दोषीलाई कारवाहीको माँग गर्दै प्रदर्शन गरेका हुन ।

एभरेष्ट सहकारी संस्थाका अध्यक्ष रामप्रित यादबले २ हजार ४ सय ग्राहकको जनसुधार कार्यक्रम मार्फत ७ करोड भन्दा रकम ठगी गरेको पीडितहरूको आरोप छ । "चार कट्ठा १ धुर जग्गा राजिनामा गरेर २ लाख लिए" सिरहा नवराजपुर गाउपालिका १ करमनियाँका रामकुमार यादबले भने, जग्गा फिर्ता गर्न जादा अध्यक्ष रामप्रित यादबले सहकारीको नियमअनुसार रकम बुझाउन ३ रूपैया सयकडा दरले २१ लाख माग गरे ।"

अर्का पीडित सिरहा पिपराका सरिता चौधरीले भने, "संस्थामा प्रत्येक महिना ५ हजार राख्दै आएको थियो र संस्थामा पैसा माग्न जादाँ आलटाल गऱ्यो ।" उनले भनिन्, म जस्तै सयौ महिलाहरूलाई जीवन सुधार कार्यक्रम मार्फत लाखौ रूपैया संस्थाले ठगी गरेको छ ।"

एक बर्ष अघि देखी नै प्रहरीले अध्यक्ष रामप्रितलाई पक्राउ गरि सहकारी सम्बन्धी ठगी मुद्दा चलाएको छ । सोही सिलसिलामा बिहीबार थुनछेक बहसका लागि उनलाई उच्च अदालत ल्याईएपछी कारवाहीको माग गर्दै पीडितहरूले अदालत घेराउ गर्दै प्रदर्शन गरेका हुन ।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं । -घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### गर्मीबाट बचौं र बचाऔं

अहिले मधेशमा गर्मी अत्याधिक बढेको छ। विगतको तुलनामा यस पटक गर्मी निकै नै बढीरहेको छ। तापक्रम बढ्दै जाँदा जनजिवन पनि प्रभावित बन्दै गइरहेको छ भने विभिन्न विद्यालयहरुमा आकस्मिक बिदा दिइएको छ। अत्याधिक गर्मीका कारण पसल, बजार, सरकारी कार्यालहरुमा सेवाग्राहीको उपस्थिति पातलिदैं गएको छ। एकाविहानै देखिको प्रचण्ड गर्मीले साँझ सूर्य नअस्ताउन्जेल जनजीवन प्रभावित बनाएको छ। सूर्य अस्ताउँदा पनि तापक्रम भने झर्ने क्रम रोकिदैन। राती पनि दिउँसो झै गर्मी महसुस हुने गरेको छ।

बढ्दो गर्मीका कारण डायरिया, बान्ता आउने, डिहाइड्रेशन जस्ता विरामीहरुको संख्या दिनानुदिन वृद्धि हुँदै गएको छ। गर्मीयाममा मधेशमा लामखुट्टे र सर्पको विगबिगी समेत बढ्दा अर्को समस्या थपिएको छ। गर्मीका कारण वृद्धवृद्धा र बालबालिका नै बढी प्रभावित बनेको छ। गर्मीको यही हाल रहे अस्पतालमा विरामीको संख्या बढ्न सक्ने अस्पताल श्रोतको दावी छ।

यस्तो मौसममा अत्यावश्यक काम नभए घर बाहिर ननिस्कन चिकित्सकहरुको सल्लाह रहेको छ। निस्कनै परे सकभर सुतीका हल्का र पातला पोशाक लगाएर निस्कन जरुरी हुन्छ। साथै छाता र कालो चश्मा लगाएर बाहिर निस्कनु लाभप्रद हुन्छ। यस्तै गर्मी याममा प्रशस्त पानी पिउन चिकित्सकहरु सुझाव छ। तसर्थ गर्मीबाट बच्न र बचाउन हामी सबैले सावधानी अपनाउनु जरुरी हुन्छ।

# अन्तर्राष्ट्रिय बाल श्रमिकविरुद्धको दिवस : बाल श्रमिकमुक्त बनाउन प्रयास जारी

**कालिका खड्का**

काठमाडौँ, २९ जेठ (रासस)।

"बुबा बितेपछि म बिहान-बेलुका पशुपतिमा खादा बेच्ने काम गर्न थालेँ," सर्लाहीमा जन्मिएर हाल तिलगङ्गामा बस्ने १२ वर्षीय सावित्रीले भनिन्, "बिरामी आमा अरुको घरका काम गर्न जानुहुन्छ, म पनि आमालाई सघाउन जान्छु।"

शारदा माध्यामिक विद्यालय तिलगङ्गामा कक्षा ७ मा पढ्ने सावित्रीको तीन वर्षअघि बुबा बित्नुभयो। परिवारमा आमा, दुई दाजु र दुई दिदीबहिनी छन्। उनका बुबाले कपाल काट्ने सानो सैलुन खोल्नुभएको थियो। "बाबा बितेपछि त्यो पसलमा मामाले कपाल काट्नुहुन्छ, बाबा बितेपछि घरमा खानाकै समस्या हुन थाल्यो", उनले बाल्यकालमा आफूले भोगेका दुःख सुनाउँदै भनिन, "खानका लागि थोरै पैसा जुटाउन म बिहान-बेलुका खादा बेच्ने काम गर्न थालेँ। फुर्सद्को समयमा आमासँग अरुको घरको काम गर्न जान्छु।"

सावित्रीलाई सानैदेखि बेलाबेला नराम्ररी छाती दुःख्छ। तर उनले आमालाई चिन्ता लाग्छ भनेर दुख्यो पनि भन्दिनन्। "मेरो बेलाबेला छाती दुःख्छ, आमा मधुमेहको बिरामी हो, चिन्ता लाग्ला भनेर भन्दिन,"उनले आफ्नो पीडा सुनाउँदै भनिन्, "पढेर भविष्यमा नर्स बनेर बनेर पैसा नभएका बिरामीको उपचार गर्न मन छ। हेरौँ भविष्यले कता डोऱ्याउँछ।"

दिउँसो पढ्न जाने बिहान-बेलुकी काम गर्ने सावित्रीजस्तै जनकपुर घर भई पशुपति परिसरमा बस्ने १४ वर्षीय राजीवको पनि अवस्था उस्तै छ। "हजुरबुबा निकै वृद्ध हुनुहुन्छ, तैपनि खानाका लागि पशुपतिमा माग्न बस्नुहुन्छ, म पनि बिहान-बेलुका हजुरबुबासँगै माग्न बस्छु" राजीवनले आफ्नो बाल्यकालको दुःख सुनाउँदै भने, "हजुरबुबालाई कुष्टरोग लागेको छ, हजुरआमाको ढाडमा स्टिल राखेको छ, राम्रोसँग काम गर्न सक्नुहुन्न," उनले थपे, "कुष्टरोग लागेको हुनाले हजुरबुबा त्यति राम्रोसँग हिड्न सक्नुहुन्न, म नै डोहोऱ्याएर विस्तारै बिहान लगेर माग्न राख्छु, दिउँसो खाजा खाने समयमा गएर हजुरबुबाई चिया बिस्कुट खुवाउँछु, बेलुका घर लिएर जान्छु।" राजीवको दैनिकी यसरी नै बितिरहको छ। उनी जसोतसो गरेर ८ कक्षामा शारदा माध्यामिक विद्यालय तिलगङ्गामा पढ्दैछन्।

भारतबाट सानैमा नेपाल आएका सुनिताको परिवार पनि तिलगङ्गा नजिक बस्दै आएका छन्। नौ वर्षकी सुनिता कक्षा ३ मा पढ्छिन्। उनको आमा बिरामी हुनुहुन्छ। बुबाले फोहोर सङ्कलन गर्ने कवाडीको काम गर्नुहुन्छ। परिवारमा चार दिदीबहिनी एक भाइ छन्।

"बुबाले कवाडीको काम गरेर सात जनाको परिवार पाल्नुहुन्छ, निकै कठिन छ बुबालाई," उनले आफ्नो घरको कहानी बताउँदै भनिन्, "आर्थिक अभावमा डाक्टर बन्न नसके पनि शिक्षक बनेरै भए पनि सबैलाई पढाउँछु, शिक्षक बन्न खर्च धेरै लाग्दैन।"

आर्थिक अवस्था कमजोर भएका बालबालिकाले अहिले पनि खान, बस्न र पढ्नका लागि निकै कष्टकर जीवन भोगिरहेका छन्। सर्लाही घर भई हाल लिलगङ्गा बस्ने १६ वर्षका सुरेशकुमारको आमाले छाडेर गएपछि कष्टदायी दिनहरू सुरु भए। "आमाले छाडेर गएपछि दुःखको समय थपियो, खुशीका दिन सकियो," उनले आफ्नो जीवनकथा सुनाउँदै थपे, "मेरो छातीको करङ बाहिर निस्किएको छ, उपचार गर्ने अवस्था छैन।"

ठूलो भएर नेपाली सेना बन्ने रहर भएका सुरेश सानैमा लडेर छातीको करङ बाहिर निस्किएपछि लाहुरे हुने करा सपना नै बन्नपुग्यो। सानोमा खुट्टा नचलेपछि माटो खनेर पुरेर सिधा बनाउन घण्टौँ राखिन्थ्यो। माटोमा दिनमा दैनिक दुई/तीन घण्टा पुरेर राखेपछि खुट्टा चल्न थालेको थियो। भविष्यको योजना सुनाउँदै उनले भने, "मलाई नाच्न आउँछ, अरु जागिर मिलेन भने पनि नाच्न सिकाउने शिक्षक बन्छु।" शारदा माध्यामिक विद्यालयमा कक्षा ८ मा पढ्ने सुरेशलाई आफ्नो स्वास्थ्य र भोलिका दिनमा कसरी पढ्ने भन्ने चिन्ता छ।

गौरीघाटमा टहरामा बस्ने १२ वर्षीय रमेशको अवस्था अझै दयनीय छ। रमेश श्रम माध्यामिक विद्यालयमा एल केजीमा पढ्छन्। उनलाई आफ्ना बाबु को हो भन्ने थाहा छैन। "सानैमा पढ्नका लागि स्कुल जाने पोषाक भएन, त्यसकारण पढ्न पाइन, दाइले पशुपतिमा फूल बेच्छ," उनले भने, "के खाने ? कहाँ बस्ने अन्योल छ।" गौरीघाटतिर सडकमै हुर्किएका रमेशलाई आमाले काखमा राखेर माग्ने गर्नुहुन्थ्यो। उनको परिवार गौरीघाटको टहरामा बस्ने गर्छ। उनका दुई दाजु पनि सडकमै छन्।

रामेछाप घर भई हाल जडीबुटीमा बस्ने ११ वर्षीय प्रवेश नेपाली ११ वर्षका कक्षा ४ मा सरस्वती आधारभूत विद्यालयमा मनोहरामा पढ्छन। "आमा बित्नुभयो, सानी आमासँग बस्छु," उनले आफ्नै अवस्था बताउँदै भने, "बिहान-बेलुका सडकमा पानी बेच्ने काम गर्छु, सानी आमाको मानसिक स्वास्थ्य राम्रो नभएको कारण आर्थिक समस्या पनि छ, बिहान बेलुका पानी नबेचेने खान पाइँदैन।"

माथि प्रस्तुत गरिएका कमजोर आर्थिक अवस्था, पारिवारिक समस्याजस्ता विभिन्न कारणले सडकमा भएका बालबालिका काम गर्दाकै अवस्थामा भेटेर सामुदायिक विद्यालयमा ल्याई पढाउने काम गरिएको छ। बालबालिकाको क्षेत्रमा २७ वर्षदेखि काम गर्दै आएको - साथसाथ संस्था नामक संस्थाले सडकमा अत्यन्तै पीडादायी अवस्था रहेका बच्चालाई पढ्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री किनिदिएर पढ्ने वातावरण बनाइरहेको छ। संस्थाकी स्रोत व्यक्ति कविता शाहले भन्नुभयो, "सडकदेखि शिक्षासम्म' भन्ने अभियान नै चलाएर सातवर्षदेखि काम गरिरहेका छौँ, जोखिममा परेका बालबालिकालाई सातवर्षदेखि यो अभियानमार्फत पढाउने काम गरिरहेका छौँ।"

जोखिमपूर्ण श्रम गरिहेका, सडक बालबालिका, गिटी कुट्ने, मानव बेचखिनमा परेका बालबालिकालाई उक्त संस्थाले पढाउँदै आएको छ। काठमाडौँ, भक्तपुर र ललितपुर गरी २२ वटा सामुदायिक विद्यालयमा १८२ जना बालबालिका पढिरहेका छन्। त्यसमा छ वर्षदेखि १५/१६ वर्षसम्मका बालबालिका रहेका छन्। "विभिन्न पारिवारिक अवस्थाका कारण माया नपाएका, मजदूर क्षेत्रका श्रमिकका बच्चालाई पढाइमा झुकाव पढाउने उद्देश्यले ठाउँठाउँमा गएर मोवाइल स्कुल पनि सञ्चान गरिरहेको छ," उहाँले थप्नुभयो, "पढ्ने अवसर नपाएका बच्चाको क्षेत्रमा गएर बच्चालाई रमाइलो तरिकाले मोवाइल स्कुल चलाइरहेका छौँ।"

मोवाइल स्कुल अभियानमार्फत काठमाडौँको चार स्थानमा पढाउने व्यवस्था मिलाइएको छ। उहाँका अनुसार न्यून आयस्रोत भएका, मजदूर क्षेत्रमा काम गर्ने परिवारका बालबालिकालाई लक्षित गरी बालाजु, त्रिपुरेश्वर (बङ्शीघाट), शान्तिनगर, दुर्गा शान्तिटोलमा यो कार्यक्रम सञ्चालन गरिरहेको छ।

उक्त संस्थाले सिकाइ केन्द्र पनि सञ्चालन गरेको छ। श्रममा लाग्ने बच्चाहरू पढ्दै काम गर्दै पनि छन्। विभिन्न कारणले पढाइ छोड्नुपर्ने परिस्थितिमा रहेका बालबालिकालाई संस्थाले सहयोग गरेको जनाएको छ। "पढ्दै नपढेको बच्चालाई सिकाई केन्द्रमा अनौपचारिक शिक्षा दिने गर्छौं, अनि पछि विद्यालयमा पढ्न जान्छन्," शाहले थप्नुभयो, "बीचमा पढाइ छोडेका बच्चालाई परिवारसँगै राखेर आवश्यकताको आधारमा शिक्षामा सहयोग गर्छौं।" राजधानीका सुकुम्बासी क्षेत्र, बागमतीको किनारा, गौशालाको वरिपरि, पशुपति आसपासमा श्रममा लागेका

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु। - आँखाको गेडी दुख्नु।

- अत्याधिक टाउको दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं। -घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**अनुरोधकर्ता : महादेवा गाउँपालिका, सप्तरी**

## अन्तर्राष्ट्रिय बाल...

बच्चालाई विद्यालयमा प्रवेश गराउने काम भइरहेको उहाँको भनाइ छ ।

नेपाल सरकारले बालश्रमविरुद्धको २०७५ देखि २०८५ गुरुयोजना बनाएको थियो । यो गुरुयोजनाअनुसार दश वर्षभित्र बालश्रममुक्त गर्नका लागि अभियानकै रूपमा काम गर्ने रहेको थियो । “बालश्रमिक मुक्त गर्न तीन तहको सरकारले नै गुरुयोजना कार्यान्वयन गर्ने हो, सङ्घीय सरकारले जुन स्थानीय तहले बालश्रममुक्त घोषणा गरेर कार्ययोजना बनाउँछन,” श्रम तथा रोजगार मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरले भन्नुभयो, “अहिलेसम्म १०/११ तहले बालश्रममुक्त स्थानीय तह घोषणा गरेर काम अघि बढाइसकेका छन्, बालश्रमविरुद्ध ऐन पनि प्रभावकारी कार्यान्वयन भइरहेको छ ।”

सरकारले बालश्रमिकबिहीन स्थानीय तह बनाउने स्थानीय तहलाई रु पाँच लाखसम्म अनुदान रकम उपलब्ध गराउने गरेको छ । केही स्थानीय तहले कार्ययोजना बनाएका छन् भने केहीले घोषणा गरेर काम अघि बढाएका छन् । श्रम मन्त्रालयका अनुसार अहिले तथ्याङ्क कार्यालयले गरेको अध्ययनबाट बालश्रममा लाग्ने बालबालिकाको सङ्ख्या क्रमशःकम हुँदै गएको छ । २०७८ सालको जनगणनाअनुसार १८ वर्षमुनिका बालबालिकाको सङ्ख्या ९८ लाख ६९ हजार ५८३ रहेको छ । प्रवक्ता घिमिरेले भन्नुभयो, “देशभर करिब तीन/चार लाख देखिने अनुमान छ, दशवर्ष अगाडिको त्यो संख्या ११ लाख थियो ।”

दशवर्षे गुरुयोजनाले बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने, सङ्घीय सरकार र प्रदेशले स्थानीय तहलाई स्रोत व्यवस्थानमा सहयोग गर्ने रहेको छ । “बालश्रमको एकैपटक बालकले गर्ने काम र बालश्रमबीच छुट्याउनुपर्ने हुन्छ, बाल काम भनेको घरमा बाबुआमालाई सामान्यरूपमा सघाउने काम बालश्रम होइन,” प्रवक्ता घिमिरेले थप्नुभयो, “घर र विद्यालयमा सामान्य काम गर्नु बालश्रम होइन, जोखिमपूर्ण कामलाई बालश्रम मान्नुपर्ने हुन्छ, जोखिमपूर्ण काम क्रमशः घट्छै गएको छ ।”

सन् १९९७ मा नेपालले अनुमोदन गरेको रोजगारीमा संलग्न हुन पाउनेको न्यूनतम् उमेरसम्बन्धी आइएलओ महासन्धि, १९७३ (नं १३८) ले शिक्षा र रोजगारीमा प्रवेश गर्न न्यूनतम उमेरबीच निकट सम्बन्ध रहेको कुरामा जोड दिएको छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले नेपालमा १४ वर्ष उमेर नपुगेका बालबालिकालाई श्रममा लगाउन साथै १६ वर्ष उमेर नपुगेका बालबालिकालाई जोखिमयुक्त बालश्रममा लगाउन निषेध गरेको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह ‘सुडी’ले सरकारले बालश्रमिक मुक्त गर्ने गुरुयोजना अनुसारका नै काम गरिरहेको बताउनुभयो । “तीन तहकै सरकार बालश्रमिक मुक्त बनाउने अभियानमा क्रियाशील छ,” मन्त्री साहले भन्नुभयो, “यो अभियानमा सबैको सहयोग जरुरी छ ।”

बालबालिकालाई निकृष्ट प्रकारको बालश्रममा लगाउने, साइबर अपराध, यौनजन्य घटना तथा अन्य विभिन्न कानुनी विवादमा उपयोग गर्ने गरिएको पाइन्छ । यस्ता प्रवृत्ति बढ्दै जाँदा बालबालिका पक्ष रहेका मुद्दाको कारबाहीका लागि अदालत अहिले केही जिल्ला अदालतमा बाल इजलाससमेत गठन भएर सुनुवाइ भइरहेको छ । न्यायाधीशद्वय अनिलकुमार सिन्हा र तिलप्रसाद श्रेष्ठको इजलासले २०८१ असोज ७ असोजमा महिला मन्त्रालय, कानुन मन्त्रालयका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा बाल इजलास गठन गर्न परमादेश जारी गरेको थियोर । अदालतले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० बमोजिम उक्त अदालत गठनको सिफारिस गरिएको होर । उक्त दफामा न्याय परिषद्को सिफारिसमा आवश्यक सङ्ख्यामा बाल इजलास गठन गर्न सकिने प्रावधान रहेको छ । अहिले जिल्ला अदालतमा बाल इजलास गठन गरी बाल विवाद हेर्ने काम भइरहेको छ ।

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको मौलिक हकअन्र्तगत हरेक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ता हुने, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण विकास हुने काममा लगाउन सकिए पनि कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था रहेको छ ।

बालश्रमविरुद्ध विश्व दिवस सन् २००२ देखि मनाउन सुरुवात गरिएको हो । निकृष्ट प्रकारको बालश्रमबिरुद्ध अन्तरराष्ट्रिय श्रम सङ्गठनको महासन्धि १८२ लाई अनुमोदन गरेको स्मरणमा हरेक वर्ष जुन १२ अर्थात् आजलाई अन्तरराष्ट्रिय बाल श्रमविरुद्धको दिवसका रूपमा विश्वभर नै मनाउने गरिन्छ । यसवर्ष ‘प्रगति स्पष्ट छ तर अझ धेरै गर्नुछ, प्रयासको गति बढाउ’ भन्ने नाराका साथ नेपाललगायत संसारभर नै यो दिवस मनाइँदैछ ।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## लन्डन जाँदै गरेको २४२ यात्रु सवार विमान भारतमा दुर्घटनाग्रस्त

अहमदाबाद (भारत), २९ जेठ (रासस/एएफपी) ।

भारतको पश्चिमी सहर अहमदाबादमा बिहीबार लन्डन जाने यात्रु विमान दुर्घटना भएको छ । विमानमा दुई सय ४२ यात्रु सवार रहेको उड्डयन अधिकारीहरूले बताएका छन् । एयरलाइन्सले यसलाई ‘दुःखद दुर्घटना’ भनेको छ ।

लन्डन ग्याटविकका लागि उडेको एयर इन्डियाको फ्लाइट १७१, बोइङ ७८७-८ ड्रिमलाइनर उडानको केही समयपछि दुर्घटनाग्रस्त भएको अधिकारीहरूले बताएका छन् । भारतका उड्डयनमन्त्रीले अहमदाबादमा भएको दुर्घटनाबाट आफू ‘स्तब्ध र विक्षिप्त’ भएको बताउनुभयो । एएफपीका पत्रकारले विमानस्थनमा कालो धुवाँको बाक्लो मुस्लो देखे ।

भारतको नागरिक उड्डयन प्राधिकरणले भन्यो, “जहाजमा दुई पाइलट र १० चालक दलका सदस्यसहित दुई सय ४२ व्यक्ति सवार थिए ।”

विमानमा एक सय ६९ भारतीय, ५३ बेलायती, सात पोर्चुगाली र एक क्यानाडाली यात्रु सवार रहेको एयर इन्डियाले जनाएको छ । एयर इन्डियाको विमानले मेडे कल जारी गरेको र ‘उडानपछि तुरुन्तै दुर्घटनाग्रस्त भएको’ नागरिक उड्डयन महानिर्देशनालयले बताएको छ ।

विमानस्थलको परिधि बाहिर विमान दुर्घटना भएको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । भारतको गुजरात राज्यको मुख्य सहर अहमदाबादमा करिब ८० लाख मानिस बस्छन् र व्यस्त विमानस्थल घना खचाखच भरिएका आवासीय क्षेत्रहरूले घेरिएको छ ।

उड्डयनमन्त्री राम मोहन नायडू किन्जारापुले ‘सबै उड्डयन र आपत्कालीन प्रतिक्रिया एजेन्सीहरूलाई द्रुत र समन्वित कारबाही गर्न’ निर्देशन दिनुभयो ।

“उद्धार टोली परिचालन गरिएको छ र घटनास्थलमा चिकित्सा सहायता र राहत सहयोग पुऱ्याउन सबै प्रयास भइरहेको छ”, उहाँले भन्नुभयो, “मेरो विचार र प्रार्थना जहाजमा रहेका सबै र उनीहरूका परिवारसँग छ ।”

एयर इन्डियाले दुर्घटनाको पुष्टि गरेको छ । “अहमदाबादबाट लन्डन ग्याटविकका लागि उडेको एयर इन्डियाको फ्लाइट १७१ ▪ बिहीबार एउटा दुःखद दुर्घटनामा परेको गहिरो दुःखका साथ म पुष्टि गर्दछु”, एयर इन्डियाका अध्यक्ष नटराजन चन्द्रशेखरनले भन्नुभयो, “हाम्रो विचार र गहिरो समवेदना यस विनाशकारी घटनाबाट प्रभावित सबैका परिवार र प्रियजनहरूसँग छ ।”

एउटा आपत्कालीन केन्द्र सक्रिय गरिएको र जानकारी खोज्ने परिवारहरूका लागि सहायता टोली गठन गरिएको उहाँले बताउनुभयो । भारतले घातक हवाई दुर्घटनाहरूको शृङ्खलाको सामना गरेको छ । यसमा सन् १९९६ को दुर्घटना पनि समावेश छ । त्यसबेला दुई जेट नयाँदिल्लीमाथि हावामा ठोक्किएर करिब तीन सय ५० जनाको ज्यान गएको थियो ।

सन् २०१० मा दक्षिण पश्चिम भारतको मङ्गलोर विमानस्थलमा एयर इन्डिया एक्सप्रेसको जेट दुर्घटना भएर आगो लागेको थियो । उक्त दुर्घटनामा एक सय ६६ यात्रु र चालक दलका सदस्यमध्ये एक सय ५८ जनाको मृत्यु भएको थियो ।

दशकौँअघि सन् १९८५ जुनमा मन्ट्रियलबाट लन्डन उडेको एयर इन्डिया बोइङ ७४७ आयरल्यान्डको समुद्रमा दुर्घटनाग्रस्त भएको थियो । विमानमा तीन सय २९ जना यात्रु सवार थिए र कोही पनि बाँचेनन् ।

उग्रवादी सिखहरूले विमानले बोकेको सामानमा बम राखेको एउटा भारतीय आयोगले निर्धारण गरेको थियो ।

## विश्वभर १२ करोड २० लाख मानिस विस्थापित

जेनेभा, २९ जेठ (रासस/एएफपी) ।

विश्वव्यापी रूपमा आफ्नो घरबाट जबरजस्ती विस्थापित व्यक्तिहरूको सङ्ख्या रेकर्ड उच्चबाट थोरै घटेको तर ‘असमर्थनीय रूपमा उच्च’ रहेको संयुक्त राष्ट्रसङ्घले बिहीबार जनाएको छ ।

सन् २०२४ को अन्त्यमा विश्वभरका १२ करोड ३२ लाख मानिस जबरजस्ती आफ्नो घरबार छोडेर विस्थापित भएका छन् ।

तर यो सङ्ख्या सिरियालीहरू वर्षौंको उथलपुथल पछि घर फर्कन थालेकाले यस वर्षको अप्रिलको अन्त्यमा १२ करोड २१ लाखमा झरेको छ ।

करिब २० लाख सिरियाली भारतबाट वा युद्धग्रस्त देशभित्र विस्थापनबाट घर फर्कन सक्षम भएका छन् ।

तर युएनएचसिआरले विश्वव्यापी रूपमा कसरी ठूला द्वन्द्वहरू भए यसले यो आँकडा फेरि बढ्ने छ कि छैन भनेर निर्धारण गर्ने चेतावनी दिएको छ । एजेन्सीले विश्वव्यापी रूपमा युद्ध, हिंसा र उत्पीडनबाट विस्थापित मानिसहरूको सङ्ख्या ‘असहनीय रूपमा उच्च’ भएको बताएको छ ।

“हामी अन्तर्राष्ट्रिय सम्बन्धमा तीव्र अस्थिरताको समयमा बाँचिरहेका छौँ, आधुनिक युद्धले गम्भीर मानव पीडाले चिह्नित नाजुक, कष्टप्रद परिदृश्य सिर्जना गरेको छ”, शरणार्थीका लागि संयुक्त राष्ट्र उच्चायुक्त फिलिपो ग्रान्डीले भन्नुभयो, “हामीले शान्तिको खोजी गर्ने प्रयासलाई दोब्बर बनाउनुपर्छ र शरणार्थी र आफ्नो घरबाट भाग्न बाध्य भएका अन्यका लागि दीर्घकालीन समाधान खोज्नुपर्छ ।”

# नेपाललाई क्षयरोग मुक्त बनाउनुपर्छ : मन्त्री पौडेल

जनकपुर, २९ जेठ (रासस) ।
स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नेपाललाई क्षयरोग मुक्त बनाउनका लागि सरकारी तथा गैरसरकारी संस्था हातेमालो गरेर अगाडि बढ्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र भक्तपुरको आयोजनामा क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रमअन्तर्गत बिहीबार जनकपुरधाममा आयोजना गरिएको दुईदिने प्रदेशस्तरीय समीक्षा कार्यक्रममा मन्त्री पौडेलले क्षयरोग मुक्त देश बनाउने अभियान सफल बनाउन संघ, प्रदेश र स्थानीय सरकारबीच अधिकतम सहकार्य आवश्यक भएको बताउनुभयो ।

भारतसँग सिमाना जोडिएको मधेस प्रदेशका जिल्लामा क्षयरोग नियन्त्रण कठिन हुने भएकाले सीमासँग जोडिएका भारतीय क्षेत्रका प्रशासनसँग सहकार्य गरेर प्रभावकारी नियन्त्रण तथा खोजतलास गर्न सकिने उहाँको भनाइ थियो ।

मन्त्री पौडेलले देशमा साधन श्रोतको अभाव भए पनि स्वास्थ्य क्षेत्रमा ४ प्रतिशत बजेट भएको उल्लेख गर्दै स्वास्थ्यका सबै समस्या समाधान गर्न कठिन भए पनि स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यहरू अगाडि बढाइरहेको बताउनुभयो । उहाँले सरकारी स्वास्थ्य संस्थामा सेवाग्राहीको चाप बढ्नु सरकारी स्वास्थ्यप्रतिको जनविश्वास भएको जिकिर गर्दै क्षयरोग जस्ता रोगको उन्मूलनका लागि सबैको सहयोग आवश्यक भएको बताउनुभयो ।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा डा अंकुर साहले मधेसमा अत्यधिक मात्रामा जनसङ्ख्या भएका कारणले स्वास्थ्य क्षेत्रको समस्या समाधान गर्न मधेस स्वास्थ्य विज्ञानको प्रयासले मात्र स्वास्थ्यको सम्पूर्ण समस्याको समाधान कठिन हुने बताउनुभयो ।

जनकपुरधाम उपमहा नगरपालिकाका प्रमुख मनोजकुमार साहले स्वास्थ्य क्षेत्रमा सङ्घीयताको राम्रो अभ्यास भए पनि प्रदेश तथा स्थानीय तहले मात्र समस्याको समाधान गर्न कठिन भएको बताउनुभयो । राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा श्रीराम तिवारीले क्षयरोग मुक्त नेपाल बनाउनका लागि मधेस प्रदेशका २५ पालिकामा क्षयमुक्त पालिका बनाउने अभियान सुरु गरेको बताउँदै गत वर्ष नेपालमा फेला परेका ४) हजार सात सय ७६ नयाँ क्षयरोगीको उपचार गर्ने काम भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा मधेस प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव राजेशकुमार मिश्र, धनुषा स्वास्थ्य कार्यालयका प्रमुख, जनस्वास्थ्य प्रशासक उमेशकुमार यादव, क्षयरोग नियन्त्रणको क्षेत्रमा काम गर्दै आएको नुरा हेल्थका नेपाल निर्देशक डा सुशील कोइरालासहितले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या र चुनौतीबारे जानकारी दिनुभएको थियो ।

# सवारी दुर्घटनामा युवकको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, २९ जेठ ।**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत रौतहटको चन्द्रपुर १ मंगलपुरमा सवारी साधनले ठक्कर दिँदा एकजनाको मृत्यु भएको छ ।

बिहीबार बिहान पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको सवारी साधनले ठक्कर दिँदा ३२ वर्षीय बुद्ध लिम्बुको घटनास्थलमै मृत्यु भएको हो ।

ठक्कर दिने सवारी साधनको पहिचान नहुँदासम्म स्थानीयले घटनास्थलमै शव राखेर राजमार्ग अवरुद्ध गरेका थिए । २४ घण्टाभित्र ठक्कर दिने सवारी साधन पत्ता लगाउने सहमति भएपछि अवरुद्ध राजमार्ग सञ्चालनमा ल्याइएको प्रहरीले जनाएको छ ।

# न्यायाधीशलाई कालोमसी छ्याप्ने तीन पक्राउ

**दैनिक समाचारदाता**
**वीरगंज, २९ जेठ ।**

न्यायाधीश खुसीप्रसाद थारुलाई कालो मसी छ्यापेको आरोपमा प्रहरीले तीन जनालाई नियन्त्रणमा लिएको छ । नेकपा बहुमतमा आबद्ध तीन जनालाई नियन्त्रणमा लिइएको हो ।

वीरगंजस्थित उच्च अदालत जनकपुरको वीरगन्ज इजलासका न्यायाधीश थारुलाई बिहीबार आरोपीहरूले चेम्बरमा बसिरहेको अवस्थामा कालो मसी छ्यापेका हुन् ।

न्यायाधिशद्व खुसीप्रसाद थारु र अर्जुन महर्जनले हत्या आरोपी कांग्रेस नेता मोहमद अफताव आलमलाई सफाई दिने फैसला गरेका थिए । जेठ १४ मा भएको सो फैसलाबारे विभिन्न टीकाटिप्पणी भइरहेका छन् । न्यायाधिशद्वयले जिल्लाको फैसला उल्ट्याउँदै सफाइ दिएका थिए ।

फैसलाको संक्षिप्त पाठअनुसार सफाइ दिन अदालतले आलमलाई महान्यायाधिवक्ताको कार्यालयले यसअघि मुद्दा चलाउन नपर्ने निर्णय गरेको तथा सर्वोच्च अदालतले गरेको परमादेश, विस्फोटमा घाइते भनिएका पिन्टु भनिने त्रिलोक प्रकाश सिंह र ओशी अफताबलाई ट्याक्टरमा हाली राजा इट्टाभट्टामा ल्याइ पोलिएको भन्ने ठोस सबुत प्रमाण वादीले पेस गर्न नसकेको आधार देखाएको थियो ।

राजबिराज नगरपालिका
६ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

पत्र संख्या : २०८१ ०८२
चलानी नं : १३२४

मिति :-२०८२।०२।२९

विषय :- सुचना प्रकाशित गरिदिने बारे ।

श्री ................................

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी साविक राजविराज नगरपालिका वडा न. ७ हाल वडा नं. ६ बस्ने सुर्य स्व. अघोरी यादव को छोरा ना. प्र. न. ७६०८०२००७ राम शरण यादवको मिति २०८२/०२/२९ को दर्ता न. ११३७ को निवेदन मांग हुन आएको हुदा सो सम्बन्धमा राम शरण यादवको बाबु स्व. अघोरी यादवको नाममा जिल्ला सप्तरी साविक बोरिया हाल राजविराज वडा न. ६ पर्ने तपसिल बमोजिमको जग्गा कायम रहेको र मिति २०८४/०९/१९ गते राम शरण यादवको बाबु स्व. अघोरी यादवको मृत्यु भईसकेकोले उक्त जग्गाको हक आपुनली खाने मृतकको छोरा राम शरण यादवको नाउँमा सिफारिस गरिदिएमा अरु कसैको हकदावी ,अंस रहेको भए सो आफु संग भएको सबुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ पैतिस दिन भित्र आई दिनु होला अन्यथा कानुन बमोजिम भई जाने छ ।

तपसिल

| क.स. | जिल्ला | गा.वि.स./न.पा. | वडा न. | कित्ता न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | सप्तरी | बोरिया | २ | ५७२ | ०-४-६.२५ |
| २ | सप्तरी | " | १ | ६५५ | ०-०-४.५ |
| ३ | सप्तरी | " | २ | ५७३ | ०-१-११.७५ |
| ४ | सप्तरी | " | १ | ६६५ | ०-०-३.७५ |
| ५ | सप्तरी | " | १ | ६८८ | ०-३-४.५ |
| ६ | सप्तरी | " | २ | १२३५ | ०-४-३.५ |
| ७ | सप्तरी | " | २ | २७७ | ०-५-१६ |
| ८ | सप्तरी | " | ४ | १३६५ | ०-२-१९.५ |
| ९ | सप्तरी | बोरिया | २ | ६१२ | ०-०-१० |
| १० | सप्तरी | बोरिया | १ | २५७ | ०-२-३ |
| ९ | सप्तरी | बोरिया | ४ | ३२ | ०-४-२ |
| ९ | सप्तरी | बोरिया | १ | ३२७ | ०-०-१९ |

शशी कुमार चौधरी
वडा अध्यक्ष

शशी कुमार चौधरी
वडा अध्यक्ष

Rajbiraj Municipality wada No-6 ☏ :-031-590166 ,Email: rajbirajwada6@gmail.com

## सुनमा लगाइएको ...

खारेजीको माग गर्दै आन्दोलित भएका हुन् ।

सप्तरी सुनचाँदी उद्योग व्यवसायी संघ राजविराजका अध्यक्ष नारायण रन्जनले सुनमा लगाइएको २ प्रतिशत विलासिता कर खारेजीको माग गरे । उनले सुनचाँदीमा लगाइएको २ प्रतिशत विलासिता कर खारेज गर्नुपर्ने, १३ प्रतिशत भ्याट खारेज गरि ६ प्रतिशत कायम गर्नुपर्ने, सुनचाँदीको कारोबारका लागि प्रष्ट नीति नियमावली निर्माण गर्नुपर्ने लगायतका माग राख्दै देशभरका व्यवसाय बन्द गरेर आन्दोलनमा उत्रिन बाध्य भएको बताए ।

त्यस्तै, बहुमुल्य हिरा तथा पत्थरमा लगाईदै आएको १३ प्रतिशत भ्याट पनि खारेजको उनीहरुको माग रहेको छ । पहिलो चरणमा दुई दिन सांकेतिक विरोधका लागि देशभर सुनचाँदी पसल बन्द गरेको नेपाल सुनचाँदी व्यवसायीहरुले बताएका छन् ।

विलासी कर र भ्याट लगाएपछि सुनको लागत मूल्य बढी भएकाले कारोबार नै हुन छाडेकोले आन्दोलन गर्न बाध्य भएको व्यवसायीहरूको भनाई छ ।

विगतमा पनि १० लाख माथिको कारोबारमा दुई प्रतिशत विलासिता कर लगाउँदै आएको थियो । तर जतिसुकै कारोबार हुँदा पनि छुट्टाछुट्टै बिल बनाएर कर संकलन नगरेपछि सरकारले सबै प्रकारका सुनमा विलासिता कर लगाउन लागेको उनीहरुको आरोप छ ।

## कुटपिट, गाली गलौज ...

लगायतका व्यक्तिहरुको समूहले राजविराज नगरपालिकाका कर्मचारीहरु शान्तिपूर्वक रुपमा वारुणयन्त्रको छेउमा उभिरहेको वेला पूर्वाग्रही तथा सुनियोजित रुपमा गालीगलौज तथा कुटपिट गरिएको उल्लेख छ ।

सांघतिक आक्रमणमा ईकाइ समितिका अध्यक्ष तथा अधिकृत कल्पना देव, लेखा अधिकृत शत्रुधनलाल दास र शहरी स्वास्थ्य क्लिनिकको अ.हे.ब. संतोष कुमार दासलाई संघातिक रुपमा गाली गलौजसहित सडकमा घिसारी ज्यान मार्ने धम्की सहित मर्नासन्न हुने गरी कुटपिट गरिएको विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै विज्ञप्तिमा घटनाका क्रममा लेखा अधिकृतले लगाएको सुनको सिक्री समेत लुटपाट गरिएको तथा कार्यालयमा कार्यरत सब इन्जिनियर रबिन्द्र कुमार यादव बस्ने डेरामा गई जेठ २२ गते साँझ ५ बजे तिर नियम विपरित कार्य गर्न दवाव दिदै गाली गलौज तथा वेईज्जत गरिएको प्रती यस ईकाइ समितिको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, "संविधानको भावना र मर्मलाई आत्मसात गर्दै सेवामा दिनरात सेवा प्रदान गर्ने कर्मचारीहरुको सेवामा बढ्दै गएको असुरक्षाले कर्मचारीको सेवा प्रवाह कमजोर र कठिन हुँदै गएको छ । उक्त घटनाले हामी सम्पूर्ण कर्मचारीहरु असुरक्षित भएको र निर्धक्क भई जनताको सेवा प्रवाह गर्ने अवस्था नभएको महशुस गरेका छौं । सेवामा कर्तव्यनिष्ठ कर्मचारीको मनोवल गिराउने यस किसिमको कार्य प्रति हामी घोर भर्त्सना गर्दछौं ।"

घटनाको दोषीलाई कानून बमोजिम कारवाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभुति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भय रहित वातावरणमा सेवा प्रवाह सुनिश्चितताका लागि नेपाल नगरपालिका कर्मचारी एशोसिएसन ईकाइ समिति राजविराज नगरपालिकाले विज्ञप्तिमार्फत जोडदार माग समेत गरेको छ ।


# लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं । -घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

## अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*